# भोटेकोशी बाढीको कारण क्षतिग्रस्त आयोजनाहरु तथा हराईरहेका व्यक्तिको विवरण

सञ्चालन – ८ (२८१ मेगावाट)

निर्माणाधीन –४ (३८८ मेगावाट)

जम्माः १२ (६६९ मेगावाट)

# क्षतिग्रस्त आयोजनाहरुको संख्या  र हराईरहेका व्यक्तिको विवरण

आयोजना संख्याः ११

सम्पर्कविहिन व्यक्तिहरुको संख्याः ८९४

**रसुवा जिल्लाका बाढी प्रभावित जलविद्युत् आयोजना**

| S.N. | आयोजना | क्षमता | विवरण | प्रवर्द्धक कम्पनी | सम्पर्कविहिनको संख्या |
|---|---|---|---|---|---|
| 1 | माथिल्लो त्रिशूली–१ | २१६ मेगावाट | निर्माणाधीन | नेपाल वाटर एण्ड इनर्जी डेलभमेण्ट कम्पनी (एनडब्लूईडीसी) | ५७३ |
| 2 | रसुवागढी जलविद्युत् आयोजना | १११ मेगावाट | सञ्चालन | रसुवागढी हाइड्रोपावर कम्पनी | ९३ |
| 3 | रसुवा–भोटेकोशी | १२० मेगावाट | निर्माणाधीन | लाङटाङ भोटेकोशी हाइड्रोपावर कम्पनी प्रालि | ४ |
| 4 | लाङटाङ खोला | २० मेगावाट | परीक्षण चरण | मल्टी इनर्जी डेभलपमेन्ट प्रालि | ४१ |
| 5 | चिलिमे | २२ मेगावाट | सञ्चालन | चिलिमे जलविद्युत कम्पनी | ८ |
| 6 | मैलुङ खोला | ५ मेगावाट | सञ्चालन | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ७ |
| जम्मा | | ४९४ | | | ७२६ |

**नुवाकोटका बाढी प्रभावित प्रमुख जलविद्युत् आयोजना**

| S.N. | **आयोजना** | **क्षमता** | विवरण | **प्रवर्द्धक कम्पनी** | **सम्पर्कविहिनको संख्या** |
|---|---|---|---|---|---|
| 1 | त्रिशूली जलविद्युत् आयोजना | २४ मेगावाट | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | १ |
| 2 | देवीघाट जलविद्युत् | १४.१ मेगावाट | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | १ |
| 3 | माथिल्लो त्रिशूली–३ए | ६० मेगावाट | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | ४२ |
| 4 | माथिल्लो त्रिशूली–३बी | ३७ मेगावाट | निर्माणाधीन | त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड | १२२ |
| 5 | मिडल त्रिशूली गंगा | १५.६ मेगावाट | निर्माणाधीन | पर्फेक्ट इनर्जी डेभलपमेन्ट प्रा.लि | २ |
| 6 | सौर्य विद्युत आयोजना | २५ मेगावाट | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | |
| जम्मा | | १७६ | विवरण | | १६८ |

(नोटः आईतबार साँझसम्म सम्पूर्ण आयोजनाहरुबाट प्राप्त विवरण अनुसार हराईरहेका व्यक्तिहरुको थप उद्धार हुन नसकेको)

**क्षतिग्रस्त आयोजनाहरुको अपडेट**

**माथिल्लो त्रिशुली थ्री ए (६० मेगावाट)**

माथिल्लो त्रिशुली थ्री ए जलविद्युत केन्द्रको सुरुङमा फसिरहेकाहरूको उद्दार सोमबार पनि जारी रह्यो । २४ घन्टा जारी राखिएको उद्दार कार्यमा अहिलेसम्म  केवल टनेल पोर्टल सफा गर्ने काम भएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । सोमबार सुरुङमा क्राउन ब्लाष्ट गरी केवल टनेलमा पानी रहेको पाईएकोले वाटर पम्प सेट प्रयोग गरी डि–वाटरिङ गर्ने कार्य गरिएको छ । टनेलको मुखतर्फ रहेका ढुंगा माटोको थुप्रो हटाइ भित्र् प्रवेश गर्ने सकिने मार्ग तयार गर्ने कार्य गरिएको छ । विज्ञ प्राविधिक टोलीले २४ घन्टा काम गरिरहेको भएपनि भित्र फसेकाहरूको उद्दारमा सफलता मिल्न सकेको छैन । नेपाल विद्युत प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठका अनुसार त्रिशूली थ्री ए मा फसेकाहरूलाई बचाउन सकिने आशले काम गरिरहेको भएपनि सुरुङभित्र पानी भरिएकाले उद्दार कार्य थप चुनौतीपूर्ण बनेको छ ।

**रसुवागढी (१११ मेगावाट)**

सोमबार नेपाली सेनाले नेतृत्व गरेको टोली रसुवागढी पुगेर विद्युतगृहको सुरुङभित्र प्रवेश गरी अवलोकन गरेको छ । रसुवागढी  हाइड्रोपावर कम्पनीका अनुसार सुरुङभित्र खोजी गर्दा कोही फेला नपरेको भन्दै नेपाली सेनाको नेतृत्वमा खटिएको उद्दार टोली फर्किएको छ । सुरुङको अन्तिम भागमा मानिसहरू फसेको आशंका गरिएपछि सेनाको टोली इन्जिनियर र ड्रोन टोलीसहित खोजीमा पुगेको थियो । सुरुङको भित्री भागमा पुगेर ड्रोनमार्फत अवलोकन गर्दा कोही नभेटिएकाले खोजी कार्य सम्पन्न गरी नेपाली सेनाको टोली त्यहाँबाट रसुवाको धुन्चे फर्किएको भन्ने खबर छ । रसुवागढीबाट कम्पनीका ४९ जना कर्मचारी सहित ९३ जना हराइरहेका छन् ।

## चिलिमे (२२ मेगावाट)

चिलिमे जलविद्युत केन्द्रमा आइतबार बाढीले प्रभावित भएको उद्दार कार्यलाई सोमबार पुनः सुरु गरिएको छ । दिनभर नेपाली सेना, पर्वतारोही, भारतीय प्राविधिक टोली, आयोजनाकै व्यक्ति सहित विद्युतगृहसम्म पुग्ने मार्ग खुलाउने कार्य गरिएको छ । २५० मिटर लामो सुरुङमा ९० मिटर भित्रसम्म पुगेपनि त्यो भन्दा भित्र पुग्न सकिएको छैन । चिलिमे जलविद्युत केन्द्रका कार्यकारी निर्देशक बाबुराजा महर्जनका अनुसार माग अनुसार कै उपकरणहरू लगेर विद्युतगृहको मार्ग खुलाउन दिनभर काम गरिएको छ ।

## लाङटाङ खोला (२० मेगावाट)

निजी क्षेत्रको लाङटाङ खोला जलविद्युत आयोजनामा सोमबार नेपाली सेनाको नेतृत्वमा उद्दार टोली पुगेर निरीक्षण गरेको छ । नेपाली सेना, भारतीय सेना, प्राविधिक सहितको उद्दार टोली आयोजना स्थल पुगेको भएपनि सुरुङभित्र फसेकाहरूको उद्दार हुन सकेन । मंगलबार आफ्नोतर्फबाट पनि उद्दारको प्रक्रिया थालिने आयोजनाले जनाएको छ ।

## माथिल्लो त्रिशूली थ्री 'बी' (३७ मेगावाट)

माथिल्लो त्रिशूली थ्री 'बी' मा पनि आइतबारदेखि नै हराइरहेकोहरूको खोजी कार्य जारी राखिएको छ । आयोजनाका सबै संरचना बाढीमा बगेकाले पनि उद्दार कार्यमा सफलता मिल्न सकेको छैन । नेपाल विद्युत प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठका अनुसार त्रिशूली थ्री बी सँगैको २२० केभी त्रिशूली थ्री बी हब सबस्टेसनमा पनि पूर्णरूपमा क्षति पुगेकाले त्यहाँबाट सम्पर्कबिहिन भएकाहरूको पनि खोजी कार्य भइरहेको छ ।

## माथिल्लो त्रिशूली–१ (२१६ मेगावाट)

माथिल्लो त्रिशूली–१ मा फसेकाहरूको सोमबार ३ जनाको मात्र उद्धार भएको छ भने हालसम्म उद्धार र सम्पर्क आएकाहरुको संख्या ८७३ छ । यसैगरी परामर्शदाता कम्पनी, ठेकेदार कम्पनीसहित आयोजनाका कर्मचारीहरु गरी ५७३ हराईरहेका छन् । यसमध्ये ३०० जना सुरुभित्र काम गर्नेहरु हराईरहेका छन् । उनीहरु सुरुभित्र बसेर काम गरिरहेका थिए वा भित्र प्रवेश गर्न बाँकी थियो भन्ने ऐकिन छैन । सो दिन आयोजनामा करिब साढे १४०० सय जनाले काम गरिरहेको हुन सक्ने अनुमान गरिएको छ ।